तीनपाटन गाउँपालिकाको

# स्थानीय राजपत्र

## सामुदायिक सिकाई केन्द्रको सञ्चालन तथा व्यवस्थापन कार्यविधि-२०७९

efu @

**कार्यपालिकाबाट स्वीकृत मिति : २०७९/०५/२२**

खण्ड : ६, राजपत्रमा प्रकाशित मिति : २०८०/०१/२२

**प्रमाणीकरण मिति : २०८०/०१/२२**

## तीनपाटन गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, लाम्पनटार
सिन्धुली, जिल्ला
बागमती प्रदेश, नेपाल

# तीनपाटन गाउँपालिका सामुदायिक सिकाई केन्द्रको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९

प्रस्तावना :

समुदायको आवश्यकताअनुसार साक्षरता, निरन्तर शिक्षा, जीवनपर्यन्त सिकाई तथा सामुदायिक विकास कार्यक्रम पहिचान, व्यवस्थापन, कार्यान्वयन तथा समन्वय र सामुदायिक सूचना केन्द्र समेतको कार्य गर्न गाउँपालिकाभरि प्रत्येक वडामा सामुदायिक सिकाई केन्द्र स्थापना, सञ्चालन, व्यवस्थापन तथा नियमन गर्नका बाच्छनिय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७५ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार तथा सिकाई केन्द्र सञ्चालन तथा व्यवस्था सम्बन्धी मापदण्ड २०७८ को दफा २४ प्रयोग गरी **"तीनपाटन गाउँपालिका सामुदायिक सिकाई केन्द्रको सञ्चालन तथा व्यस्थापन सम्बन्धी कार्यविधि–२०७९"** गाउँ कार्यपालिकाबाट स्वकृति मितिबाट लागू हुनेछ ।

## परिच्छेद–१
## नाम र परिभाषा

१. **संक्षिप्त नाम र प्रारम्भ**ः (१) यो कार्यविधिको नाम "तीनपाटन गाउँपालिका सामुदायिक सिकाई केन्द्रको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो कार्यविधि तीनपाटन गाउँपालिकाभर लागू हुनेछ ।

२. **परिभाषा**ः विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "केन्द्र" भन्नाले कार्यविधिको दफा ३ बमोजिम स्थापित सामुदायिक सिकाई केन्द्र सम्झनु पर्छ सो शब्दले यो कार्यविधि लागू हुनुअघि स्वीकृति पाई सञ्चालनमा रहेका सामुदायिक अध्ययन केन्द्रलाई समेत जनाउँछ ।

(ख) "कार्यविधि" भन्नाले सामुदायिक सिकाई केन्द्र स्थापना, सञ्चालन, व्यवस्थापन तथा नियमनका लागि गाउँ कार्यपालिकाले तयार गरी लागू गरेको कानुनी दस्तावेज सम्झनु पर्छ ।

(ग) "परिचालक" भन्नाले साविकमा नियुक्ति लिई कार्यरत रहेका वा नियुक्ति हुने सामुदायिक सिकाई केन्द्रको महिला समुदाय परिचालक कर्मचारी सम्झनु पर्छ ।



(स) "व्यवस्थापन समिति" भन्नाले सामुदायिक सिकाई केन्द्रको व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ङ) "समुदाय" भन्नाले स्थानीय तहमा स्थायी बसोबास गरी निरन्तर शिक्षा, सिकाई तथा समाजको विकासमा क्रियाशील व्यक्तिहरूको समूह सम्झनु पर्छ ।

(च) "स्थानीय तह" भन्नाले तीनपाटन गाउँपालिका सम्झनु पर्छ ।

## परिच्छेद–२
## सामुदायिक सिकाई केन्द्रको स्थापना सम्बन्धी व्यवस्था

३. केन्द्र स्थापनाको लागि आवेदन गर्नुपर्नेः (१) स्थानीय समुदायका मानिसहरू मिलेर आफ्नो निरन्तर शिक्षा तथा जीवनपर्यन्त सिकाई आवश्यकता पूर्तिका लागि आफ्नो क्षेत्रभित्रको समुदायमा केन्द्र स्थापना गर्न चाहेमा देहायका कागजात संलग्न गरी सम्बन्धित स्थानीय तहमा आवेदन दिनु पर्नेछ ।

(क) केन्द्र स्थापना हुने वडाका सबै टोल बस्ती तथा समुदायमा रहेका सम्पूर्ण घरधुरी मध्ये एक घरधुरीबाट एक जनाको प्रतिनिधित्व हुनेगरी गाउँपालिकामा कम्तीमा पचास जना प्रतिनिधिको सामूहिक निर्णय हुनु पर्नेछ ।

(ख) केन्द्र स्थापना हुने टोल वा बस्ती वा स्थान, केन्द्रको नाम र तदर्थ व्यवस्थापन समितिसमेत गठन गरेको हुनु पर्नेछ ।

(ग) केन्द्रको तदर्थ व्यवस्थापन समिति यस कार्यविधि वमोजिम हुनु पर्नेछ ।

(घ) सेवा क्षेत्र स्पष्ट निर्धारण गरिएको हुनुपर्ने र निर्धारण गरिएको सेवा क्षेत्रभित्र केन्द्र नरहेको सुनिश्चित गरेको हुनुपर्नेछ ।

(ङ) एक वडाभित्र एउटा मात्र केन्द्र रहनेछ ।

(च) तदर्थ व्यवस्थापन समितिले सम्बन्धित वडा कार्यालयमा अनुसूची १ बमोजिमको निर्धारित ढाँचामा आवेदन पेस गर्नु पर्नेछ ।

(छ) केन्द्र स्थापना हुने प्रस्तावित स्थान सबैलाई पायक पर्ने र उपयुक्त भएको भन्ने सम्बन्धित वडा समितिको सिफारिस सहितको राय गाउँ कार्यपालिको शिक्षा, युवा तथा खेलकूद शाखामा पेश गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम आवेदनसहितको कागजात प्राप्त भएपछि वडा कार्यलयले सम्बन्धित स्थान तथा समुदायको स्थलगत निरीक्षण गरी गराई रायसहितको प्रतिवेदन पेस गर्नु पर्नेछ ।

४. **शर्त तथा आधार तोक्न सक्ने** :

(१) गाउँ कार्यपालिकाले केन्द्रको स्वीकृति दिँदा देहाय बमोजिमका शर्त तथा आधार तोक्न सक्नेछ ।

(क) सञ्चालन तथा व्यवस्थापन स्रोतको उपलब्धता सुनिश्चित भएको हुनु पर्नेछ ।

(ख) सञ्चालन तथा व्यवस्थापनमा स्थानीय समुदायको सहभागिता र सहयोग हुनु पर्नेछ ।

(ग) गाउँ कार्यपालिकाले केन्द्रको सञ्चालन तथा व्यवस्थापनका लागि नियमित स्रोत साधन उपलब्ध गराउनु पर्नेछ ।

(घ) केन्द्रको सँगठन र सञ्चालन तथा व्यवस्थापन स्वरूप तथा कार्यविधि स्पष्ट भई जनशक्ति उपलब्ध हुनु पर्नेछ ।

## परिच्छेद–३

## सामुदायिक सिकाई केन्द्र स्वीकृति सम्बन्धी व्यवस्था

५. केन्द्र स्थापनाको स्वीकृति दिने: कार्यविधिको दफा ३ तथा दफा ४ बमोजिमको प्रक्रिया र कागजातका आधारमा गाउँ कार्यपालिकाले आवश्यक र उपयुक्त ठानेमा केन्द्र स्थापनाको स्वीकृति दिन सक्नेछ ।

६. केन्द्र स्वशासित र सँगठित संस्था हुने: स्थानीय तहमा स्थापना हुने केन्द्र स्वायत्त, अविछिन्न, उत्तराधिकारवाला, स्वशासित र नाफारहित हुनेछ ।

७. **केन्द्रको नामकरण र नाम परिवर्तन**:

(१) यो कार्यविधि लागू भएपछि स्थापना हुने तथा अगाडि नै सञ्चालनमा रहेका केन्द्रको नामकरण तथा नाम परिवर्तन देहायबमोजिमका आधारमा गर्न सकिनेछ:

(क) राष्ट्रियता स्थानीय महत्वको भौगोलिक, धार्मिक, सांस्कृतिक र प्राकृतिक सम्पदास्थल

(ख) राष्ट्रिय विभूति वा व्यक्तित्व

(ग) राष्ट्रिय संस्कृति, परम्परा वा ऐतिहासिकता,



(२) केन्द्रको साविकको नाम परिवर्तन गर्नुपर्ने भएमा सेवा क्षेत्रका समुदायको भेला र सम्बन्धित व्यवस्थापन समितिको निर्णयले नाम परिवर्तन गर्नुपर्ने औचित्य सहित (क), (ख) वा (ग) बमोजिमका आधारमा नाम प्रस्ताव गरी सम्बन्धित स्थानीय तहमा आवेदन गर्नु पर्ने र प्राप्त प्रस्तावको औचित्यका आधारमा गाउँ कार्यपालिकाले नाम परिवर्तनको स्वीकृति दिन सक्नेछ ।

(३) कुनै संस्था वा व्यक्तिले आफ्नो वा आफ्नो पारिवारिक सदस्यको नाममा केन्द्र नामकरण वा केन्द्रको कुनै भवन वा कोठाको नाम राख्न चाहेमा दुई लाख वा सो बराबरको चल अचल सम्पत्ति केन्द्रको नाममा हस्तान्तरण गर्न वा कोषमा जम्मा गर्न लगाई नामकरण सम्बन्धी स्वीकृति दिन सक्नेछ ।

## परिच्छेद–४

## सामुदायिक सिकाई केन्द्र व्यवस्थापन समितिको गठन, कार्यविधि तथा कार्यकाल

८. **व्यवस्थापन समितिको गठन, कार्यविधि तथा कार्यकाल**:

(१) केन्द्रको कार्यक्रम निर्माण, योजना तर्जुमा, कार्यक्रम व्यवस्थापन तथा कार्यान्वयन गर्न र केन्द्रको व्यवस्थापन पक्षमा नीतिगत निर्णय गर्न साधारण सदस्यको भेलाले वडा अध्यक्षको अध्यक्षतामा सातदेखि नौ सदस्यीय समावेशी प्रकृतिको एक व्यवस्थापन समिति रहनेछ ।

(२) केन्द्रको व्यवस्थापन समितिमा वडा अध्यक्षको अध्यक्षतामा अन्य पदाधिकारीको छनोट प्रक्रिया, विधि, पद निर्धारण गर्नुपर्नेछ ।

(३) व्यवस्थापन समितिका अन्य पदाधिकारीका छनोट गर्दा देहाय बमोजिमका व्यक्तिमध्येबाट छनोट गर्नुपर्नेछ ।

(क) केन्द्रको सेवा क्षेत्रभित्रका साधारण सदस्यको भेलाले छनोट गरेका शिक्षाकर्मी वा शिक्षाविद् मध्येबाट,

(ख) सम्बन्धित स्थानीय तहका शिक्षा एकाइका प्रतिनिधिमध्ये गाउँ कार्यपालिकाले मनोनयन गरेका व्यक्ति मध्येबाट,

(ग) केन्द्र रहेको समुदाय वा स्थानमा अवस्थित सबैभन्दा माथिल्लो कक्षा सञ्चालित सार्वजनिक विद्यालयका प्रधानाध्यापक मध्येबाट,

(घ) केन्द्रको सेवा क्षेत्रभित्रका समाजसेवी मध्येबाट

(ङ) केन्द्रको सेवा क्षेत्रभित्रका दलित र महिला शिक्षाविद् वा शिक्षा अभियन्ता मध्येबाट

(४) समितिमा, सचिव, कोषाध्यक्ष र सदस्य पदका अतिरिक्त पदेन र आमन्त्रित पदाधिकारीसमेत रहनेछन् र त्यस्ता पदको निर्धारण छनोट भएको समिति स्वयमले बैठकद्वारा गर्नु पर्नेछ ।

(५) समितिको कार्यकाल चार वर्षको हुनेछ ।

(६) केन्द्रका समुदाय परिचालक व्यवस्थापन समितिको सचिव हुनेछ ।

(७) व्यवस्थापन समितिको बैठक सामान्यतया प्रत्येक महिना बस्नेछ ।

(८) बैठकमा सेवा क्षेत्रभित्रका कृषि, स्वास्थ्य, वन, महिला विकास, बैक, सहकारी वा वित्तीय क्षेत्रसँग सम्बन्धित सरकारी गैरसरकारी सङ्घसंस्था वा निकायका प्रतिनिधि तथा सम्बन्धित वडाका वडा समितिका पदाधिकारीलाई आमन्त्रित सदस्यका रूपमा सहभागी गराउन सकिनेछ ।

(९) समितिको बैठकको कार्यविधि तथा काम कारवाही केन्द्रको विधानमा उल्लेख भएबमोजिम हुनेछ ।

(१०) समितिको बैठकको कार्यविधि तथा प्रक्रिया व्यवस्थापन समितिले निर्धारण गरे अनुसार हुनेछ ।

९. **व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार** :

(१) व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(क) समुदायमा घरधुरी सर्वेक्षण गरी समुदायको सिकाई आवश्यकताको प्रोफाइल निर्माण गर्ने र सिकाई आवश्यकता पहिचान गर्ने,

(ख) पहिचान भएका सिकाई आवश्यकता पूर्तिका योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन योजना निर्माण गर्ने र कार्यान्वयन गराउने,

(ग) केन्द्रको बार्षिक बजेट तथा कार्यक्रम निर्माण गर्ने,

(घ) केन्द्रको विकास तथा सुदृढीकरणका कार्य गर्ने र सो कार्यका लागि स्रोत साधनको प्राप्ति र परिचालन गर्ने

(ढ) सदस्य तथा कर्मचारीको कार्यविवरण तयार गर्ने, कार्यविभाजन र कार्य सम्पादन जिम्मेवारी निर्धारण गर्ने,



(च) कार्यक्रम प्राप्ति र कार्यान्वयनका लागि विभिन्न सरकारी तथा गैरसरकारी निकाय, सङ्घसंस्था र समुदायसँग साझेदारी एवम् समन्वय गर्ने र समुदायको विकासका लागि कार्यक्रम सञ्चालन गर्न अगुवाइ गर्ने,

(छ) समुदायका मानिसहरूबीच पेसागत तथा व्यावसायिक समूह गठन गरी सामूहिक बचत ऋण, आर्यआर्जन क्रियाकलाप गर्न संयोजन, समन्वय र उत्प्रेरित गर्ने,

(ज) केन्द्रको गतिबिधि तथा कार्यक्रमको वार्षिक तहमा सामाजिक परीक्षण गराउने,

(झ) केन्द्रको आयव्ययको वार्षिक रूपमा लेखापरीक्षण गराउने,

(ञ) केन्द्र सञ्चालन व्यवस्थापनको लागि आवश्यक जनशक्ति, स्रोत साधन प्रबन्ध गर्ने,

(ट) केन्द्रको समय कार्यक्रम तथा क्रियाकलापको प्रतिवेदन तयार गरी सम्बन्धित स्थानीय तहमा वार्षिक रूपमा प्रस्तुत गर्ने,

(ठ) गठित विषयगत समिति परिचालन गर्ने र समितिको कार्य र कार्यक्रमको अभिलेख राख्ने,

(ड) केन्द्रको वार्षिक बजेट तथा कार्यक्रम आयव्यय साधारण सभामा प्रस्तुत गर्ने र स्वीकृत गराउने,

(ढ) केन्द्रको विकास एवम् सुदृढीकरण र समुदायको विकास सम्बन्धी कार्यक्रम सञ्चालन गर्न आवश्यक स्रोतसाधन तथा सहयोग प्राप्ति र परिचालन गर्ने,

(ण) विभिन्न कार्यक्रम तथा क्रियाकलापको परियोजना प्रस्ताव तयार गर्ने,

(त) सम्बन्धित स्थानीय तहको शैक्षिक प्रोफाइल तथा शिक्षा योजना तर्जुमाका लागि सहयोग र समन्वय गर्ने,

(थ) कार्यरत परिचालकलगायतका कर्मचारीको सेवा, शर्त तथा सुविधा योग्यता र कार्यभारका आधारमा नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिकभन्दा कम नहुने गरी निर्धारण गर्ने,

(२) यस कार्यविधिबमोजिम सञ्चालन हुने केन्द्रमा न्यूनतम देहायअनुसारको मानव विविधता मैत्री कायम गर्नु पर्नेछ

(क) कार्यालय सञ्चालन कक्ष कम्तीमा एकओटा,

(ख) अध्ययन कक्षसहितको वाचनालय वा पुस्तकालय एकओटा,

(ग) सूचना, सञ्चार प्रविधि कक्ष (कम्प्युटर, इन्टरनेट, प्रिन्टर, मल्टिमिडियासहित) एकओटा,

(घ) सिकाई कक्षा कोठ–१

(ङ) शौचालय (पुरुष, महिला, अपाङ्गमैत्री)–१

(च) शुद्ध खानेपानी

१०. अभिलेख राख्नु पर्नेः केन्द्रले देहायबमोजिमको सूचनाहरू संकलन तथा अद्यावधिक गरी अभिलेख राख्नु पर्नेछ ।

(क) सेवा क्षेत्रको साक्षरता नक्साङ्कन तथा उमेर समूहगत साक्षरता तथ्याङ्क,

(ख) सेवा क्षेत्रभित्रका विद्यालय उमेर समूहका विद्यालयमा अध्ययनरत र विद्यालयबाहिर रहेका जनसङ्ख्या,

(ग) सेवा क्षेत्रभित्र अवस्थित शिक्षण संस्था विवरण,

(घ) बैंक, वित्तीय समेतका सरकारी तथा गैरसरकारी सङ्घसंस्थाको विवरण,

(ङ) सेवा क्षेत्रभित्रका प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक तथा पुरातात्विक सम्पदा तथा स्थलको विवरण,

## परिच्छेद–५

## सामुदायिक सिकाई केन्द्रले गर्ने कार्यक्रमहरू

११. केन्द्रबाट सञ्चालन हुने कार्यक्रम र सेवाः (१) केन्द्रले अन्य कार्यक्रमका अतिरिक्त देहायबमोजिमको कार्यक्रमहरू सञ्चालन गर्नु पर्नेछ–

(क) सूचना प्रविधिसहितको साक्षरता तथा निरन्तर शिक्षा,

(ख) प्रारम्भिक बाल विकास तथा शिक्षा,

(ग) वैकल्पिक विद्यालय शिक्षा तथा सिकाई कार्यक्रम,

(घ) सीप विकास तालिम,

(ङ) सामुदायिक विकास

(च) नागरिक शिक्षा, मानव अधिकार शिक्षा र अभिभावक शिक्षा,

(छ) कानुनी साक्षरता शिक्षा,

(ज) भेदभाव तथा लैङ्गिक हिंसा बिरुद्धका जनचेतनामूलक कार्यक्रम,



(झ) वातावरणीय संरक्षण तथा संवर्धन कार्यक्रम,

(ञ) सामुदायिक सरसफाइ तथा स्वास्थ्य शिक्षाका क्रियाकलापहरू,

(ट) कला, साहित्य, संस्कृति, बालविकास तथा मनोरञ्जनात्मक क्षेत्रका कार्यक्रम,

(ठ) अन्तरपुस्ता सिकाई स्थानान्तरण तथा हस्तान्तरण कार्यक्रम,

(ड) जनचेतनामूलक कार्यक्रम,

(ढ) सुरक्षा र बचावट शिक्षा,

(ण) विविध ।

साथै केन्द्रले उल्लेखित कार्य गर्न साझेदारी संघसंस्थासँगै हातेमालो गरी सहकार्य गर्न सक्नेछ ।

(२) केन्द्रले उपदफा (१) मा उल्लिखित (क), (घ), (ङ), (ड), (ढ), (ण) सँग सम्बन्धित कार्यक्रममध्ये कम्तिमा एकओटा कार्यक्रम वार्षिक रुपमा आफ्नो सेवा क्षेत्रभित्र अनिवार्य रुपमा सम्पन्न गर्नु पर्नेछ र साधन स्रोतको उपलब्धताका आधारमा अन्य कार्यक्रमसमेत आवश्यकतानुसार नियमित रूपमा गर्नु पर्नेछ ।

(३) केन्द्रमा देहाय बमोजिमको सेवा सुविधा उपलब्ध हुनु पर्नेछ ।

(क) अध्ययन कक्षसहितको वाचनालय वा पुस्तकालय पुस्तकालयमा बसी अध्ययन गर्न तथा अभिलेख राखी पुस्तक लैजान र फिर्ता गर्न पाउने व्यवस्था,

(ख) सूचना प्रविधि तथा सञ्चारको व्यवस्था र प्रयोगको सुनिश्चितता,

(ग) सरकारी तथा गैर सरकारी क्षेत्रबाट प्राप्त हुने सेवा प्राप्त गर्नका लागि अपनाउनुपर्ने प्रक्रिया सम्बन्धी सूचनामूलक जानकारी र सहयोग प्रणालीको व्यवस्था ।

(४) गाउँ कार्यपालिकाले वित्तीय हस्तान्तरणमार्फत विगतमा दिइँदै आएको अनुदानमा नघट्ने गरी कार्यपालिकाले स्थापना गरेका केन्द्रलाई सोही अनुपातमा सशर्त अनुदान रकम एकमृष्ठ सुविधा उपलब्ध गराउनेछ ।

(५) केन्द्रसँग सम्बन्धित कार्यक्रम कार्यान्वयन तथा सञ्चालन गर्न कार्यक्रमको गहनता र आवश्यकताका आधारमा गाउँ कार्यपालिकाले थप अनुदान उपलब्ध गराउन सक्नेछ ।

(६) गाउँपालिकाले यस कार्यविधिको दफा १० र दफा ११ बमोजिमका विषय र सोसँग सम्बन्धित कार्यक्रमहरू सञ्चालन गर्दा सम्बन्धित वडा मार्फत सञ्चालन गर्नेछ ।

१२. केन्द्रको काम, कर्तव्य र अधिकारः स्थानीय समुदायमा सञ्चालन हुने केन्द्रको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) आफ्नो कार्यक्षेत्रभित्रका समुदायको सर्वेक्षण गरी लक्षित समूहअनुसार सिकाई आवश्यकता र कार्यक्रम पहिचान तथा तर्जुमा गरी समूहमा परिलक्षित गर्ने,

(ख) समुदायका लक्षित समूहको आवश्यकताअनुसार निरन्तर शिक्षा, जीवनपर्यन्त सिकाई, आयआर्जन र सिप विकासका कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने,

(ग) समुदायको शैक्षिक विकासका लागि प्रारम्भिक बालविकास शिक्षा, साक्षरता तथा निरन्तर शिक्षा, सिप विकास तालिम कार्यक्रमको तर्जुमा तथा व्यवस्थापन गर्ने,

(घ) विद्यालय बाहिर रहेका प्राथमिक विद्यालय उमेर समूहका लागि प्राथमिक तहको शिक्षाका लागि वैकल्पिक विद्यालय तथा सिकाई कार्यक्रमको तर्जुमा तथा व्यवस्थापन गर्ने,

(ङ) सामुदायिक विकासका कार्यनिर्माण गरी निरन्तर अद्यावधिक गर्ने,

(च) सामुदायिक सूचना तथा स्रोत केन्द्रको कार्य गर्ने, सामुदायिक सूचना प्रणाली विकास तथा व्यवस्थापन गर्ने तथा सूचना प्रविधि उपयोगका लागि समुदायको क्षमता विकास र सो सम्बन्धी सेवा प्रवाह गर्ने,

(छ) सामुदायिक पुस्तकालय तथा वाचनालय सञ्चालन गर्ने,

(ज) समुदाय विकासमा कार्यरत विभिन्न सरकारी, गैरसरकारी संघसंस्था तथा निकायबिच समन्वय गरी विषय क्षेत्रगत समूहको सञ्जाल विकास गर्ने,

(झ) वचत तथा सामूहिक सहकारिता प्रवर्धनका कार्यक्रम सञ्चालन, कार्यक्रमको संयोजन र समन्वय गर्ने,

(ञ) सुरक्षा तथा बचावट सम्बन्धी जनचेतनामूलक कार्यक्रम तर्जुमा र व्यवस्थापन गर्ने,

(ट) सामाजिक भेदभाव तथा हिंसाविरुद्ध जनचेतनामूलक कार्यक्रम तर्जुमा र व्यवस्थापन गर्ने,

(ठ) वातावरण, प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक सम्पदा संरक्षण तथा सम्बर्धन सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्ने,

(ड) स्वास्थ्य तथा पोषण, आरोग्य जीवनकला, प्रजनन स्वास्थ्य सम्बन्धी कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने,

(ढ) अभिभावक शिक्षा तथा शैक्षिक जागरणका कार्य गर्ने,

(ण) नागरिकको कर्तव्य र अधिकार सम्बन्धमा सुसूचित गर्ने कार्यक्रम सञ्चालन गर्ने



**१३. सदस्यता सम्बन्धी व्यवस्थाः केन्द्रको सदस्यता सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।**

(क) एक केन्द्रमा कम्तीमा पचास जना साधारण सदस्य हुनु पर्नेछ ।

(ख) केन्द्रलाई आर्थिक, भौतिक तथा पूर्वाधार विकास र व्यवस्थापनमा विशेष सहयोग उपलब्ध गराउने साधारण सदस्यहरूलाई विशेष सदस्यता प्रदान गर्न सकिनेछ ।

(ग) सदस्यता प्राप्ति र नवीकरणबापतको शुल्क समुदाय भेलाको निर्णयबाट निर्धारण गरेबमोजिम हुनेछ ।

(घ) सदस्यता वार्षिक रूपमा नवीकरण गर्नु पर्नेछ ।

**१४. साधारण सभा र बैठकको आयोजनाः केन्द्रको साधारण सभा र बैठक सम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछः**

(क) केन्द्रको साधारण सभा वर्षको एक पटक अनिवार्य रूपमा गर्नु पर्नेछ

(ख) साधारण सदस्यहरूको भेला गराई वार्षिक, अर्धवार्षिक र चौमासिक समीक्षा बैठक सम्पन्न गर्नु पर्नेछ ।

(ग) केन्द्रको वार्षिक कार्यक्रम, बजेट तथा कार्ययोजना साधारण सभाबाट पारित गराउनु पर्नेछ ।

(घ) लेखापरीक्षण र सामाजिक परीक्षणका प्रतिवेदन समेत साधारण सभामा पेस गरी पारित गराउनु पर्नेछ ।

१५. **केन्द्रको आयस्रोत**: (१) केन्द्रको सञ्चालन तथा व्यवस्थापनका लागि प्राप्त हुने आयस्रोत देहायबमोजिम हुनेछ (क) सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट प्राप्त हुने अनुदान,

(ख) खास कार्यक्रम कार्यान्वयनका लागि केन्द्रसँग भएको सम्झौताअनुसार सरकारी तथा गैरसरकारी सङ्घसंस्था एवम् दातृ निकायबाट प्राप्त रकम,

(ग) केन्द्रका सदस्यहरूबाट सदस्यता र सो नवीकरणबापत संकलित शुल्क रकम,

(घ) विभिन्न व्यक्ति तथा संस्थाबाट प्राप्त चन्दा, दान, सहयोग तथा पुरस्कार रकम,

(ङ) केन्द्रका नाममा बैंक खातामा जम्मा हुने रकमबाट प्राप्त व्याज रकम,

(च) केन्द्रबाट सञ्चालित र प्रवाहित नाफामूलक कार्यक्रम तथा सेवाबापत प्राप्त रकम शुल्क तथा सहयोग रकम,

(२) केन्द्रका नाममा प्राप्त हुने सबै रकम नेपाल सरकारबाट मान्यता वा स्वीकृति प्राप्त बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

(३) केन्द्रका नामबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको रकमबाट व्यहोरिनेछ ।

(४) केन्द्रको खाता सञ्चालनको लागि व्यवस्थापन समितिको निर्णयसहित सम्बन्धित गाउँ कार्यपालिकाले बैंकलाई सिफारिस गर्नु पर्नेछ ।

(५) व्यवस्थापन समितिको अध्यक्ष र परिचालकको संयुक्त दस्तखतबाट बैंक खाता सञ्चालन गर्नु पर्नेछ ।

## परिच्छेद–६

## लेखा परिक्षण तथा वार्षिक प्रतिवेदन

१६. लेखापरीक्षणः (१) केन्द्रको सम्पूर्ण आर्थिक कारोबार र चलअचल सम्पत्तिको लेखापरीक्षण इजाजत प्राप्त लेखापरीक्षकबाट प्रत्येक आर्थिक वर्षको अन्त्यमा गराउनु पर्नेछ ।

(२) केन्द्रले वार्षिक लेखापरीक्षण गराउदा वित्तीय गतिविधि, आम्दानी तथा खर्चको सम्पूर्ण विवरण देखिने गरी वित्तीय लेखापरीक्षण र सेवा प्रवाह तथा कार्यक्रम कार्यान्वयन देखिने गरी सामाजिक परीक्षण गराउनु पर्नेछ ।

(३) वित्तीय लेखापरीक्षण र सामाजिक परीक्षण प्रतिवेदन केन्द्रको साधारण सभामा पेस गरी सार्वजनिक गर्नु पर्नेछ र सो प्रतिवेदन सम्बन्धित स्थानीय तहमा समेत प्रत्येक वर्ष पेस गर्नु पर्नेछ ।

१७. **प्रतिवेदन सम्बन्धी व्यवस्था**ः

(१) केन्द्रले प्रत्येक वर्षमा गरेका कार्यक्रम र उपलब्धि, आगामी वर्षको कार्यक्रम, बजेट र गतिविधि समावेश गरी वार्षिक प्रतिवेदन तयार गर्नु पर्नेछ ।



(२) वार्षिक प्रतिवेदन लेखा परीक्षण प्रतिवेदन र सामाजिक परीक्षणको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको सात दिनभित्र अद्यावधिक रूपमा प्रत्येक वर्ष गाउँपालिका शिक्षा युवा तथा खेलकूद शाखामा पेस गर्नु पर्नेछ ।

(३) दफा (१) बमोजिमको प्रतिवेदन गाउँ कार्यपालिकाले वार्षिक रूपमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा पठाउनु पर्नेछ ।

## परिच्छेद–७

## विविध

१८. केन्द्रको स्थान परिवर्तनः स्थानीय समुदायको कुनै खास सेवा क्षेत्रभित्रको एक स्थानमा अवस्थित केन्द्र देहायबमोजिमको अवस्थामा सोही सेवा क्षेत्रभित्रको अर्को स्थानमा स्थान परिवर्तन गर्न वा स्थानान्तरण गर्न सम्बन्धित गाउँ कार्यपालिकाले स्वीकृति दिन सक्नेछ ।

(क) साविकको केन्द्र सेवाक्षेत्र भित्रका समुदायका मानिसलाई अपायक परेको र स्थानान्तरणका लागि प्रस्तावित स्थान तुलनात्मक रूपमा बढी पायक पर्ने भई व्यवस्थापन समितिको निर्णय र सम्बन्धित वडाको सिफारिससहित केन्द्रको स्थान परिवर्तन वा स्थानान्तरणका लागि गाउँ कार्यपालिकामा अनुरोध गरेमा,

(ख) साविक केन्द्रमा भौतिक पूर्वाधार तयार नभएको वा अपर्याप्त रहेको र प्रस्तावित स्थानमा भौतिक पूर्वाधार उपलब्ध रहेको वा पूर्वाधार विकासका लागि थप स्रोत साधन लगानी गर्नु नपर्ने देखिएमा,

(ग) प्रस्तावित स्थानमा स्थानान्तरण हुँदा थप स्रोत, साधन उपलब्ध हुने र समुदायको सहभागिता बढी रहने देखिएमा,

(घ) प्रस्तावित स्थान सदस्यहरुको आवागमनका लागि सहज पहुँच योग्य भएमा,

(ङ) स्थानीय तहअन्तर्गतको कुनै विद्यालय समायोजन, एकीकरण वा बन्द भई वा अन्य कुनै सरकारी कार्यालयको भवन सञ्चालनमा नआई खाली रहेको अवस्थामा त्यस्ता भवन तथा जग्गा गाउँ कार्यपालिकाले सामुदायिक सिकाई केन्द्रलाई हस्तान्तरण गर्न सक्नेछ ।

१९. **नियमन तथा निर्देशन सम्वन्धी व्यवस्था**:

(१) गाउँ कार्यपालिकाले आफ्नो क्षेत्रभित्रका केन्द्रको स्थापना, व्यवस्थापन र सञ्चालन सम्बन्धमा नियमित अनुगमन तथा मूल्याङ्कन गर्नु पर्नेछ ।

(२) केन्द्रको अनुगमन तथा मूल्याङ्कन गर्दा यस कार्यविधि र गाउँ कार्यपालिकाबाट जारी गरिएका शिक्षा ऐन तोकिएका अन्य शर्तबमोजिम केन्द्रको स्थापना व्यवस्थापन र सञ्चालन भए नभएको मूल्याङ्कन गर्नु पर्नेछ ।

(३) तोकिएको कार्यविधि, निर्देशिका एवम् शर्तबमोजिम सञ्चालन हुन नसकेका केन्द्रलाई सुधारको लागि गाउँ कार्यपालिकाले आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित केन्द्रको कर्तव्य हुनेछ ।

(४) उपदफा (३) बमोजिम समेत सुधार भई सञ्चालन हुन नसकेमा गाउँ कार्यपालिकाले त्यस्तो केन्द्रको समिति विघटन गरी अर्को व्यवस्थापन समिति गठन गराई सञ्चालन गराउन सक्नेछ ।

(५) अनुगमन तथा मूल्याङ्कनका आधारमा उत्कृष्ट कार्य सम्पादन भएका केन्द्रलाई गाउँ कार्यपालिकाले पुरस्कृत गर्न सक्नेछ र सङ्घीय सरकार तथा प्रदेश सरकार समक्ष समेत उचित पुरस्कारका लागि सिफारिस गर्न सक्नेछ ।

२०. **कार्यविधि पूरा गर्नुपर्ने**:

(१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो कार्यविधि लागू हुनुपूर्व स्थापना भई सञ्चालनमा रहेका केन्द्रहरूलाई सम्बन्धित गाउँ कार्यपालिकाले निश्चित समयावधि तोकी पूर्वाधारसमेतका तोकिएका अन्य कार्यविधि पूरा गर्न लगाउनु पर्नेछ ।

(२) कुनै समुदाय वा स्थानमा स्थापना भइसकेका केन्द्रहरूले तोकिएको पूर्वाधार समेतका कार्यविधिका व्यवस्था र शर्त पूरा गराउन नसकेमा गाउँ कार्यपालिकाले थप नयाँ केन्द्र स्थापनाको स्वीकृति नदिने नीति अख्तियार गर्न सक्नेछ ।

२१. **खारेजी र स्थानान्तरण**:

(१) कुनै समुदाय वा स्थानमा व्यवस्थित रूपमा सञ्चालन हुन नसकेको वा निष्क्रिय रहेको केन्द्रलाई सक्रिय गराउन प्रयास गर्दा पनि सञ्चालनमा आउन नसकेमा अर्को व्यवस्थापन समिति गठन गरी सञ्चालन गराउन गाउँ कार्यपालिकाले त्यस्तो केन्द्र खारेज गरी केन्द्र नभएको बडाको उपयुक्त स्थानमा स्थानान्तरण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको केन्द्र खारेज गर्नुपर्ने भएमा खारेज गर्नुअघि कायम रहेको व्यवस्थापन समितिलाई सफाइको मौका दिनु पर्नेछ ।



२२. **कर्मचारी व्यवस्थापन**:

(१) यो कार्यविधि लागू हुनुपूर्व अनुमति वा स्वीकृति लिई सञ्चालनमा रहेका केन्द्रमा नियुक्ति लिई कार्यरत परिचालिकाहरू सम्बन्धित केन्द्रमा साविकबमोजिम कार्यरत रहने छन् ।

(२) यो कार्यविधि लागू भएपछि स्थापना हुने केन्द्रमा नियुक्ति हुने परिचालिकाको योग्यता कम्तीमा १२ कक्षा वा सोसरह हुनेछ ।

(३) केन्द्रमा नियुक्त हुने परिचालिकाको छनोट प्रक्रिया सम्बन्धी व्यवस्था गाउँपालिका शिक्षा युवा तथा खेलकूद शाखाले निर्धारण गरे वमोजिम हुनेछ ।

(५) केन्द्रका कर्मचारीको सेवा, शर्त र सुविधा गाउँकार्यपालिकाले निर्धारण गरे अनुसार हुनेछ ।

(६) सार्वजनिक बिदाको दिनबाहेक गाउँ कार्यपालिकाले तोकेबमोजिमको समयमा दैनिक छ घण्टाको दरले केन्द्रको सञ्चालन गर्नु पर्नेछ ।

(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भएता पनि व्यवस्थापन समितिको निर्णयबमोजिम कार्य चापक आधारमा गाउँ कार्यपालिकाले आवश्यकताअनुसार अतिरिक्त समय निर्धारण गर्न बाधा पर्ने छैन ।

**(८) करार अवधि र समाप्ती सम्बन्धी व्यवस्था**

(क) करारको अवधि नियुक्ति मितिले एक वर्ष हुनेछ अवधि थप गर्ने नगर्ने अन्तिम निर्णय कार्यपालिकाले निर्धारण गरे वमोजिम हुनेछ ।

(ख) बिना जानकारी लगातार एक महिनासम्म कार्यालयमा अनुपस्थित परिचालिका तथा केन्द्रको सहयोगीको अवधि स्वतः समाप्त हुनेछ ।

(ग) करार अवधि थप गर्ने, नगर्ने निर्णय व्यवस्थापन समितिको निर्णयको अनुमोदन गाउँपालिकाले गरे वमोजिम हुनेछ ।

(घ) करार अवधि भर्ना र अवधि थप गर्ने सम्बन्धी प्रक्रिया गाउँ कार्यपालिकाले निर्णय गरे वमोजिम हुनेछ ।

२३. समन्वय, सहकार्य र साझेदारी गर्न सक्ने: केन्द्रले कार्य सञ्चालन तथा व्यवस्थापनको सिलसिलामा स्थानीय सरकार, प्रदेश सरकार, सरकारी तथा गैरसरकारी संस्थाहरू, सामुदायिक संस्थाहरू र कुनै शैक्षिक संस्थासँग सम्पर्क, समन्वय, सहकार्य तथा साझेदारी गर्न सक्नेछ ।

**आज्ञाले**
जीतेन्द्र गिरी
नि. प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची १
## सामुदायिक सिकाई केन्द्र स्वीकृतिका लागि स्थानीय तहमा पेश गर्ने निवेदनको ढाँचा

**विषय : सामुदायिक सिकाई केन्द्र सञ्चालन सम्बन्धमा ।**

श्री.....................................गाउँपालिका कार्यालय,
.....................................................................

उपर्युक्त सम्बन्धमा.....................जिल्ला.....................................गाउँपालिका वडा नं........मा हालसम्म सामुदायिक सिकाई केन्द्र स्थापना नभएकाले नयाँ सामुदायिक सिकाई केन्द्र खोले स्वीकृतिका लागि देहायका विवरणहरु खुलाई निवेदन गर्दछौँ ।

१.
(क) सामुदायिक सिकाई केन्द्रको नामः
(ख) ठेगाना :
(ग) भौतिक अवस्था
(अ) भवन
(आ) कोठा
(इ) फर्निचर
(ई) शौचालय
(उ) खानेपानीको व्यवस्था
(घ) आर्थिक स्रोत साधनहरू

२. **निवेदन साथ देहायका कागजातहरू संलग्न छन्**
(क) सामुदायिक सिकाई केन्द्रको विधान
(ख) सामुदायिक सिकाई केन्द्र स्थापना गर्न समुदायले गरेको निर्णयको प्रतिलिपि
(ग) सम्बन्धित गाउँपालिका वडा कार्यालयको सिफारिस
(घ) तदर्थ व्यवस्थापन समितिको निर्णयको प्रतिलिपि

अध्यक्ष
सामुदायिक सिकाई केन्द्र व्यवस्थापन समिति (तदर्थ)